# गाउँ स्तरिय खेलकुद संचालन तथा व्यवस्थापन कार्यविधि २०७८

प्रस्तावना

बेलडाँडी गाउँपालिका क्षेत्रभित्र खेलकुदको माध्यम बाट युवा विद्यार्थि तथा सर्वसाधारण जनताको शारिरिक तथा मानसिक विकास गरी सक्षम अनुशासित र गतिशिल नागरिक तयार गर्नका लागि सबै खेलका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा यस गाउँपालिकाको समेत सहभागिता अहम रहने भएकोले यस गाउँपालिका मा खेलकुद एबं खेल पर्यटनको विकास गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७५ को दफा १०२ को अधिकार प्रयोग गरी यो कार्यविधि बनाईएको छ।

परिच्छेद -१

प्रारम्भीक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नामः गाउँ स्तरिय खेलकुद संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ रहनेछ।

२. यो कार्यविधि गाउँकार्यपालिका बाट पारित भइ स्थानिय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ।

परिभाषा :

विषय र प्रसंग अर्को नलागेमा यस कार्यविधिमा

क) “समिति” भन्नाले बेलडाँडी गाउँपालिका खेलकुद विकास समिति लाइ सम्झनु पर्नेछ।

ख) “गाउँपालिका” भन्नाले बेलडाँडी गाउँपालिका लाइ सम्झनु पर्नेछ।

ग) “कार्यपालिका” भन्नाले बेलडाँडी गाउँपालिकाको कार्यपालिका लाइ सम्झनु पर्नेछ।

घ) “कार्यालय” ले बेलडाँडी गाउँपालिका भित्र रहेको गाउँ खेलकुद विकास समितिको कार्यालयलाइ सम्झनु पर्छ ।

ङ) खेलकुद विकास समिति भन्नाले यो कार्यविधि बमोजिम गठित गाउँ स्तरिय खेलकुद विकास समिति लाइ सम्झीनु पर्छ ।

च) “संरक्षक” भन्नाले बेलडाँडी गाउँपालिका अध्यक्ष लाइ सम्झनु पर्छ ।

छ) सह संरक्षक भन्नाले बेलडाँडी गाउँपालिकाको उपाध्यक्षलाइ सम्झनु पर्छ ।

ज) “अध्यक्ष” भन्नाले गाउँपालिका स्तरीय खेलकुद विकास समितिका अध्यक्ष लाइ सम्झनु पर्छ ।

परिच्छेद -२

३. गाउँ खेलकुद विकास समितिको उद्धेश्य :

क) खेलकुदको माध्यमबाट अनुशासित जनशक्ति तयार गर्ने ।

ख) गाउँपालिका भित्र खेलकुद संचालन गर्न सबै संघ संस्था निकायहरु विच समन्वय गरि खेलकुद विकास गर्ने योजना बनाइ लागु गर्ने ।

ग) खेलकुद विकास ले समाजमा अनुशासित ,गतिशिल नागरिक तयार गर्न खेल संस्थाको विकास गर्ने ।

घ) खेलकुदको गतिबिधिलाइ संस्थागत रुपमा विकास गर्दै लैजाने ।

ङ) खेलाडी प्रशिक्षण र प्रतियोगिताका असरहरु लाइ विकेन्द्रीकरण गर्दै समानुपातिक विकास गर्ने ।

च) खेलकुद लाइ जनजिवनको अभिन्न अङ्ग वनाई जन सहभागिता बृद्धि गर्ने ।

छ) निरन्तर अध्ययन अनुसन्धानका आधारमा प्रशिक्षण र प्रतियोगिता लाई बढि बैज्ञानिक र स्तर युक्त बनाउदै स्तरीय खेलाडी उत्पादन गर्ने गरि उनीहरुको कार्यदक्षता बाट राष्ट्रलाइ समेत राष्ट्रिय , अन्तराष्ट्रिय क्षेत्रमा गौरब अभिबृद्धि गर्ने ।

ज) खेलकुदमा महिला सहभागितामा अभिबृद्धि गर्न प्रोत्साहन गर्ने ।

झ) खेलकुदको माध्यमबाट जनजीवनको शारिरिक तथा मासिक विकास गर्ने ।

ञ) अपाङ्ग तथा सुस्त मानस्थितिका लागी पनी उपयुक्त खेलकुद विद्यायलहरुको विकास एवं आयोजना गर्ने गराउने ।

ट) नगरका खेलाडीहरुको स्वास्थ्य सम्बन्धमा आवश्यक कार्यक्रम बनाइ लागु गराउने ।

ठ) खेलकुद विकासका लागी अनुसन्धान केन्द्र बनाइ खेल पर्यटनकाा आधारबाट पालिकाको आर्थिक उन्नति वा टेवा पुऱ्याउने गरी कार्य गर्ने ।

ड) खेलकुद विकासका निजी क्षेत्रको संलग्नता एवं सहभागिताको अभिबृद्धि गर्ने ।

ढ) खेलकुद प्रति सकारात्मक रुचि पैदा गर्ने खेलकुदको लागी अनुकुल बाताबरण सिर्जना गर्ने ।

ण) खेलकुदमा क्रियाशिलता एवं र संस्था क्लवहरुको विकास गर्ने ।

त) राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल प्रतियोगितामा सहभागि भई कञ्चनपुर बेलडाँडी गाउँपालिकाको इज्जत प्रतिष्ठा गौरब बृद्धिमा योगदान पुऱ्याउने खेलाडीहरुको सम्मान गर्ने ।

परिच्छेद -३

नगर खेलकुद विकास समितिको गठन

४. खेलकुद विकास समितिको स्थापना ।

१) बेलडाँडी गाउँपालिका भित्र खेलकुद विकास गर्नका लागि बेलडाँडी गाउँपालिका गाउँ खेलकुद विकास समितिको नामको उक्त गाउँ खेलकुद विकास समितिको स्थापना गरिने छ ।

२) उपदफा (१) बमोजिम स्थापना हुने खेलकुद विकास समितिमा देहायबमोजिमका पदाधिकारी तथा सदस्यहरु रहने छन् ।

क) खेलकुद क्षेत्रमा विषिस्ट योगदान पुर्याएको व्यक्तीहरु मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको - १ जना अध्यक्ष

ख) खेलक्षेत्रमा योगदान पुरयाएको व्यक्ति मध्येवाट - १जना उपाध्यक्ष

ग) खेलकुद उपशाखा प्रमुख १ जना सदस्य सचिव (पदेन)

घ) खेल क्षेत्रमा योगदान पुरयाएका नगर क्षेत्रका, व्यक्तित्वहरु मध्ये अध्यक्षले मनोनयन गरेका कम्तिमा १ जना महिला सहित २ जना सदस्य

ङ) गाउँपालिका क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा शिक्षकहरु मध्येबाट गाउँकार्यपालिका द्धारा मनोनित १/१ जना गरी २ जना -सदस्य

च) खेल संग सम्वन्धीत गैरसरकारी तथा स्थानीय संघ संस्थावाट गाउँकार्यपालिका द्वारा मनोनित १ जना महिला सहित - २ जना सदस्य

छ) गाउँ खेलकुद विकास समितिले मनोनित गरेको - १ जना सदस्य

ज) गाउँ खेलकुद विकास समितिको अध्यक्षबाट १ महिला सहित २ जना सदस्य मनोनित ।

५. समितिको संरक्षक :

१. अध्यक्ष गाउँ खेलकुद विकास समितिको संरक्षक हुनेछ ।

२. उपाध्यक्ष गाउँ खेलकुद विकास समितिको सह संरक्षक हनेछ।

६. निर्देशन पालना गर्नुपर्ने :संरक्षकले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१. गाउँ खेलकुद विकास समिति बेलडाडी गाउँपालिकाको खेलकुद क्षेत्रमा क्रियाशिल रहने बेलडाडी गाउँपालिकाको एउटा संस्था हुनेछ।

२. समितिको सबै कामकारवाहीको निमित्त आफ्नै छुट्टै छाप हुनेछ । सोको ला गाउँ कार्यपालिकाबाट अनुमती लिन पर्नेछ ।

७ पदावधि :

१. यस गाउँ खेलकुद विकास समितिको पदावधि ४ वर्षको हुनेछ ।

२. पदावधि समाप्त नहुदै कुनै सदस्यहरुको पद रिक्त हुन आएमा निज जुन हैसियतले मनोनित भएको हो सोही हैसियतको को अर्को व्यक्तिलाई मनोनित गरिनेछ।

३. कुनै सदस्यले आफ्नो कर्तव्य पालना गरेको छैन भन्ने लागेमा समितिको बहुमतको निर्णय सहितको सिफारिसमा गाउँपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै बखतमा पनि हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन।

८. सदस्यको अयोग्यता :देहायको कुनै व्यक्ति समितिमा मनोनयन हुन वा वहाल रहन सक्ने छैन

क) गैर नेपाली नागरीक

ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुर ठहरिएमा

ग) मगज बिग्रेको।

९. सदस्यता समाप्त हुने अवस्था : देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछ ।

क) दफा ८ बमोजिम सदस्यतामा बहाल रहन अयोग्य भएमा

ख) सदस्यले राजिनामा गरेमा

ग) सदस्यको मृत्यु भएमा

घ) बेलडाडी गाउँपालिका गाउँ खेलकुद विकास समितिलाई उचित कारण सहितको सूचना नदिई लगातार ३ पटक सम्म समितिको बैठकमा अनुपस्थित भएमा

परिच्छेद : ४ –

गाउँ खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार

**१०. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ। क) खेलकुद क्षेत्रको विकास गर्न खेलकुद प्रतियोगिताको आयोजना गर्ने ।**

**ख) खेलकुद सम्बन्धि प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, । समितिका सदस्य तथा कर्मचारीलाई प्रदेश, केन्द्र वा विदेशमा समेत पठाउने । खेलकुद सम्वन्धि विभिन्न कार्यकम संचालन गर्ने तथा सहभागी गराउने।**

**ग) खेलकुद सम्बन्धि संस्थालाई आर्थिक वा खेलकुद सम्वन्धी विभिन्न कार्यक्रम संचालन गर्ने वा अन्य सहयोग प्रदान गर्ने।**

**घ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धि प्रशिक्षण प्रतियोगिता संचालन गर्ने तथा खेलकुदको जानकारी सम्बन्धि प्रचार प्रसार गर्ने गराउने।**

**ङ) खेलकुदको स्तरोन्नती बिकासका लागी खेल पूर्वाधार निर्माण आवश्यकता तथा सम्भाव्यताको अध्ययन गर्ने।**

**च) खेलकुदको विकासका लागि वडा खेलकुद विकास समितिहरु गठन गर्ने साथै खेलकुद सम्बन्धि संस्थाहरु, क्लवहरु दर्ता गर्ने र गाउँपालिकालाई सिफारिस गर्ने**

**छ) खेलाडीहरुलाई सहायता तथा छात्रवृत्ति प्रदान गर्नका लागि गाउँपालिकालाई सिफारिस गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी भई नगरको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सहभागीता जनाई राष्ट्रिय गौरब एवम प्रतिष्ठा आर्जनमा महत्वपूर्ण योगदान पुरयाएका गाउँपालिकाका खेलाडीहरुका लागि गाउँपालिकालाई सिफारिस गर्ने।**

**ज) खेलाडीको संस्थाको संरक्षण गर्नका लागि अबिलम्ब व्यवस्था गर्ने।**

**झ) खेलकुदको विकासका लागि अन्य आवस्यक व्यवस्था गर्ने गराउने।**

**११. समितिको बैठक र निर्णय :**

**१. अध्यक्ष बाट निर्देशन भए अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकि समितिको बैठक बोलाउनेछ।**

२. समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थिति भएमा सदस्यहरुले आफुमध्ये बाट छानेको जेष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ।

३. समितिको कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुको उपस्थिती भएमा बैठकको लागि गणपुरक संख्या रहेको मानिनेछ।

४. समितिको बैठक बर्षमा कम्तिमा ३ महिनामा १ पटक बस्नेछ।

५. बैठकमा बहुमतको संख्या मान्य हुनेछ तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ।

६. सदस्य सचिबले बैठकको निर्णय को अभिलेख राख्नेछ।

७. यस दफामा लेखिए बाहेक बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्णय गरे बमोजिम हुनेछ।

परिच्छेद :५

१२ पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार यस काविधिको दफा ९ समेतका सम्पुर्ण अधिकार तथा कर्तव्यहरुको अधिनमा रही खेलकुद समितिका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) अध्यक्षः १. यो कार्यविधिमा भएका बिषयहरु लगाएत खेलकुदको विकास विस्तारका विषयमा गाउँ खेलकुद विकास समितिलाई आवश्यक निर्देशन दिने।

२. बैठकको अध्यक्षता गर्ने।

३. खेलकुदको विकास र विस्तारका लागि आवश्यक कार्य योजना बनाई गाउँपालिकालाई जानकारी गराउदै खेलकुद मैत्री वातावरण बनाउने योजना बनाउने।

ख) उपाध्यक्ष :

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नुपर्ने सम्पुर्ण कार्यहरु गर्ने

२. अध्यक्ष तथा समितिले तोके बमोजिम काम गर्ने।

ग) सचिव : १. अध्यक्षले दिएको निर्देशन बमोजिमका काम गर्ने र गराउने।

२. गाउँ खेलकुद विकास समितिको बैठकको लागि बिषयसूची तयार गर्ने र बैठकको निर्णय कार्यान्वयन गर्ने गराउने। '

३. गाउँ खेलकुद विकास समितिको सचिवालय स्थापना गर्ने।

४. खेलकुद सम्बन्धि बिषयमा जिल्ला, प्रदेश तथा राष्ट्रिय ईकाईहरु संग सम्पर्क र समन्वय कायम गर्ने।

५. गाउँ खेलकुद विकास समितिका.का अधिकार, कामा कर्तव्यको निर्णय अनुसार कार्यान्वयन गर्ने गराउने।

६. खेलकुद विकास सम्बन्धि वा अन्य अपरझट रुपमा आईपरेका समस्या एवम कार्यहरु सम्पन्न गर्ने र यस प्रकार सम्पन्न गरिएका कामहरु गाउँ खेलकुद विकास समितिको बैठकबाट अनुमोदन गराउने।

७ दैनिक प्रशासनिक कामहरु गर्ने गराउने ।

८. बार्षिक कार्यक्रमहरु तयार गरी बैठकमा पेश गर्ने।

घ) सदस्य : गाउँ खेलकुद विकास समितिको निर्णय अनुसार तोकिदिएको कार्य सम्पादन गर्ने गराउने।

१३. गाउँ खेलकुद बिकास समितिका पदाधिकारी एवम सदस्यहरुलाई दिने सुबिधा

क) बेलडाडी गाउँपालिका खेलकुद बिकास समिति को कामले जिल्ला, प्रदेश एवम राष्ट्रिय रुपमा भ्रमण गर्दा गाउँपालिकाबाट निर्णय गरिए बमोजिम आवत जावत वाफतको लाग्ने सवारी भाडा तथा दैनिक भ्रमण भत्ता।

ख) गाउँ खेलकुद विकास समितिको कामको सिलसिलामा निज वा भाडामा सवारी साधन प्रयोग गर्दा लागेको ईन्धन खर्च वा यस्ता अन्य खर्चहरु।

ग) गाउँपालिकाले निर्णय गरेका अन्य सम्बन्धित खर्चहरु ।

परिच्छेद : ६

संघ संस्था र क्लवहरु दर्ता कार्यविधि :

१४) गाउँपालिका खेलकुद सम्बन्धि संस्थाले दर्ता गराउनु चाहेमा देहाय बमोजिमको कार्यविधि अवलम्बन गराउनु पर्नेछ।

क) संस्थाको नाम र ठेगाना

ख) संचालन गर्ने खेलकुदको किसिम

ग) कार्य समितिको सदस्यहरुको नामावली, ठेगाना र पेशा समेत

१५. गाउँ  वडा खेलकुद समिति : गाउँ खेलकुद विकास समितिले आवश्यक कार्यविधि र मापदण्ड बनाई गाउँपालिकाका ५वटै वडामा वडा खेलकुद विकास समिति गठन गर्न सक्नेछ।

१६. गाउँ खेलकुद विकास समितिको कार्यालय :

गाउँ खेलकुद विकास समितिको मुख्य कार्यालय गाउँपालिकाको केन्द्रिय कार्यालयमा नै रहनेछ।

परिच्छेद : ७

१७ गाउँ खेलकुद विकास समितिको आर्थिक स्रोत तथा कोष

क) गाउँपालिकाले विनियोजन गरेको खेलकुद शिर्षकको बजेट।

ख) विभिन्न कार्यहरु तर्जुमा गरी संकलन हुन आएको रकम वा पुरुस्कारको रकम।

ग) गाउँपालिका र गाउँ खेलकुद विकास समितिको हित, उद्देश्य, निती र स्वार्थमा नकारात्मक असर नपर्ने गरी प्राप्त हुन आउने चन्दा, आर्थिक अनुदान वा दान आदि।

घ) खेलकुद सम्बन्धि संघ र संस्था र क्लवहरु दर्ता वा नविकरण गर्दा प्राप्त हुने सदस्यता वा नविकरण वाफत प्राप्त हुने रकम।

____ माथि जे सुकै लेखिएको भएता पनि गाउँपालिका आर्थिक संचालन एवम व्यवस्थापन सम्वन्धि नियम काननको अधिनमा रही आर्थिक कार्य संचालन गर्नका लागि गाउँ खेलकुद विकास समितिले कार्ययोजना बनाई गाउँपालिका बाट स्वीकृति लिएमा कार्य सम्पन्न गर्नु पर्नेछ।

स्थापित २०७८